# मंगला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

वाबियाचौर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

प.सं : २०७७/०७८
मिति: २०७७/०७/०६
च.नं : ३९४

विषय :- सूचना टाँस गरीदिनु हुन ।

श्री जिल्ला प्रशासन कार्यालय, म्याग्दी ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, म्याग्दी ।
श्री मालपोत कार्यालय, म्याग्दी ।
श्री वडा कार्यालय सबै, मंगला गाउँपालिका, म्याग्दी ।

उपर्युक्त सम्बन्धमा यस मंगला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बाबियाचौर, म्याग्दीको नि;शुल्क जग्गा उपलब्ध गराउने सम्बन्धी सूचना प्रतिलिपि पाना १ (एक) यसै पत्र साथ संलग्न गरी पठाइएको छ । सूचना टाँस गरी जानकारी दिनुहुन अनुरोध छ ।

.........................
मनोहर ढुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत

मनोहर ढुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत

मिति : २०७६/०१/०२

# मंगला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बाबियाचौर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

प.सं.: ०७७/०७८
च.नं.:

**निशुल्क जग्गा उपलव्ध गराउने सम्वन्धी सूचना**
**(दोश्रो पटक सूचना प्रकाशित मितिः २०७७/०७/०६)**

मंगला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वावियाचौर, म्याग्दीको प्रशासकीय भवन नभएको एवं भवन निर्माणका लागि आवश्यक मापदण्ड वमोजिमको जग्गा व्यवस्थापन भइनसकेको अवस्थामा भवन निर्माण कार्यका लागि नेपाल सरकार, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय पूर्वाधार विभाग, स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम, कार्यक्रम समन्वय इकाई, ललितपुरको मिति २०७६/०९/२४ को प्रथम पटक प्रकाशित सार्वजनिक सूचना अनुसार "स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि २०७६" को दफा ३ वमोजिम कार्यक्रमवाट सहयोग प्राप्त गर्नका लागि जग्गा व्यवस्थापन गर्नुपर्ने भएकोले यस गाउँपालिकाबाट मिति २०७६/१०/०१ मा निशुल्क जग्गा उपलव्ध गराउन इच्छुक जग्गादाताबाट निवेदन माग गर्ने सूचना प्रकाशन गरिएकोमा कुनै पनि निवेदन नपरेकाले सोही सम्वन्धमा पुनः दोश्रो पटक सूचना प्रकाशित गरिएको छ । निशुल्क जग्गा उपलव्ध गराउन ईच्छुक जग्गादाताहरुले तपशिलमा उल्लेखित आधार बमोजिम सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र निवेदन दिनुहुन पुनः यो सूचना प्रकाशन गरीएको छ ।

<u>तपशिल</u>

**क) विषयः** मंगला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको प्रशासकीय भवन निर्माण गर्न निशुल्क जग्गा प्राप्ती गर्ने ।

**क) जग्गा आवश्यक रहेको क्षेत्र :-** मंगला गाउँपालिका वडा नं. २ वावियाचौरको माटेवगर देखि वडा नं. २ को डौंडेखोला सम्मको वजार क्षेत्र

**ख) आवश्यक क्षेत्रफल :-** ६ (छ) रोपनी (एकाघर वा संधीयार जग्गादाताहरुवाट दिन सकिने)

**ग) निवेदन दिने स्थान र समय :-** मंगला गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, वावियाचौर, म्याग्दीमा कार्यालय समयभित्र ।

**पेश गर्नुपर्ने कागजातहरुः**

क) जग्गादाताले दिन चाहेको जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी

ख) जग्गादाताको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

ग) जग्गा निशुल्क उपलब्ध गराउने प्रतिवद्धता सहितको निवेदन

....................
**(मनोहर ढुङ्गना)**
**प्रमुख प्रशासकीय अधिकृत**